# गलकोटपत्र

'स्थानीय सञ्चार, समुदायका लागि शक्ति र अवसर'

Galkotpatra Weekly — साप्ताहिक








❍ वर्ष १६ ❍ अङ्क ३० ❍ २०८३ असोज ०५ गते सोमबार ❍ नेपाल संवत ११४६ ❍ 21 September 2026, Monday ❍ पृष्ठ ६ ❍ मूल्य रु. ८


## गलकोटमा राष्ट्रिय शिक्षा दिवस

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ५ हरिचौरमा राष्ट्रिय शिक्षा दिवसको अवसरमा उत्कृष्ट विषयगत शिक्षक र कक्षा १२ उत्तीर्ण उत्कृष्ट विद्यार्थी सम्मान तथा शिक्षक डिजिटल क्वीज कार्यक्रम सम्पन्न भएको छ ।




गलकोट नगरपालिकाको आयोजनामा ४४ औं राष्ट्रिय शिक्षा दिवसको अवसरमा उत्कृष्ट विषयगत शिक्षक र कक्षा १२ उत्तीर्ण उत्कृष्ट विद्यार्थी सम्मान तथा शिक्षक डिजिटल क्वीज कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै गलकोट नगरपालिकाका नगर प्रमुख भरत शर्मा गैरेले राष्ट्रिय शिक्षा दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रमले शैक्षिक क्षेत्रमा क्रियाशील सबैलाई थप उत्प्रेरणा प्रदान गर्ने बताए । उनले स्थानीय तहको जिम्मेवारी समग्र विकाससँग जोडिएको बताउँदै शिक्षा क्षेत्रको विकासलाई नगरपालिकाले प्राथमिकताका साथ अघि बढाइरहेको जानकारी दिए । नगर प्रमुख गैरेले उपलब्ध स्रोत साधन र क्षमताले भ्याएसम्म शिक्षा क्षेत्रमा सुधारका विभिन्न प्रयासहरू भइरहेको र त्यसको सकारात्मक परिणामसमेत देखिन थालेको बताए ।

नगरप्रमुख गैरेले समयसापेक्ष रूपमा यस्ता कार्यक्रम आयोजना हुनु महत्वपूर्ण रहेको बताउँदै शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक तथा विद्यार्थीको क्षमता विकास र शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सबै पक्षबीच सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए ।

गलकोट नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरेले राष्ट्रिय स्तरमै नेपालको शिक्षा क्षेत्र विभिन्न चुनौतीबाट गुज्रिरहेको बताए । उनले चुनौतीका बाबजुत पनि शिक्षा क्षेत्रलाई थप सुधार गर्दै गुणस्तरीय र प्रभावकारी शिक्षाका लागि निरन्तर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

उनले स्थानीय तहले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर


»» बाँकी पृष्ठ ४ मा"।


## नेपाली कांग्रेसको वडा अधिवेशन

गलकोटपत्र/हटिया

नेपाली कांग्रेस गलकोट नगरपालिकाका पहिलो चरणमा ७ ओटा वडाहरुमा १५ औं वडा अधिवेशन शनिवार सम्पन्न भएका छन ।

वडा नं. २ कोअधिवेशनलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि एवं गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले १५ औं महाधिवेशन सम्पन्न गर्नका लागि वडा तहदेखि सम्पूर्ण क्रियाशिल सदस्यहरु उत्साह र उर्जाका साथ लाग्नको निम्ति अनुरोध गर्नुभयो । उहाँले नेपाली कांग्रेसमा आवद्ध सम्पूर्ण क्रियाशिल सदस्यहरुले आ–आफ्नो टोल र वडाको समग्र विकासको निम्ती एकजुट भएर लाग्नको लागि आग्रह गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस वडा नं. २ का महिला संघका अध्यक्ष दुर्गादेवी भण्डारी, क्षेत्रीय सदस्य तथा वडा नं. २ का वडा अध्यक्ष हिम बहादुर भण्डारी लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. २ का वडा सभापति घनश्याम कुँवरको अध्यक्षता, उपसभापति धर्मराज शर्माको स्वागत र वडा कमिटि सदस्य विसन श्रीसको सञ्चालनमा सम्पन्न भएको थियो ।

अधिवेशनले घनश्याम कुँवरको सभापतित्वमा १३ सदस्यीय वडा कमिटि सर्वसम्मत रुपमा चयन गरेको छ । समितिको उपसभापतिमा गोर्ख बहादुर श्रीस, टिका कुँवर, सचिवमा विसन श्रीस, सह–सचिवमा भुपेन्द्र सिंह भण्डारी, कोषाध्यक्षमा युवराज गैरे र अन्य सदस्य रहनुभएको छ ।

नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. ३ को १५ औं वडा अधिवेशन सम्पन्न भएको छ ।
कार्यक्रममा बोल्दै नेपाली कांग्रेस जिल्ला सहसचिव फम बहादुर खत्रीले नेपाली कांग्रेसभित्र पुस्तान्तरणको मुद्दा प्रभावशाली भएको बताउँदै १५ औं महाधिवेशन अग्रजहरुको सम्मानजनक बिदाई र उर्जावान नेतृत्वको चयन गर्दै गाउँदेखी केन्द्रसम्मको अधिवेशन सम्पन्न हुने बताउनुभयो । उहाँले विशेष गरी अधिवेशनले जेनजी युवा समुहको प्रवेश वडा देखी केन्द्रिय कमिटिसम्म उल्लेखनीय रुपमा उपस्थित भई जेनजि आन्दोलनको कदर गर्ने बताए ।

खत्रीले देशमा देखा परेको राजनितिक अस्थिरताका समाधानका लागि नेपाली कांग्रेसको आगामी महाधिवेशन महत्वपूर्ण सावित हुने समेत बताए । कार्यक्रममा नेपाली कांग्रेस गलकोट नगर सभापति विरजंग भण्डारी, जिल्ला सदस्य राम बहादुर खत्री, निर्वाचन अधिकृत हेमराज गैरेले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।


»» बाँकी पृष्ठ ४ मा"।


## माछा मार्न प्रतिबन्ध

गलकोटपत्र/हटिया

गलकोट नगरपालिकाले नगरभित्रका दरम र गौदीखोलामा माछा मार्न प्रतिबन्ध लगाएको छ ।
नगरपालिकाले सूचना जारी गर्दै असला माछा संरक्षण तथा जलचर जैविक विविधताको संरक्षणका लागि यस्तो व्यवस्था गरेको जनाएको हो । गलकोट नगरपालिकामा पाइने असला माछा नेपालमै प्रसिद्ध हुनुका साथै गलकोटको चिनारीका रूपमा रहेको उल्लेख गर्दै नगरपालिकाले यसको संरक्षणमा सहयोग गर्न नगरवासीलाई आग्रह गरेको छ ।

नगरपालिकाका अनुसार विशेषगरी शरद ऋतुमा असला माछाले फुल पार्ने अवधि भएकाले असोज १ गतेदेखि मंसिर मसान्तसम्म गौदी तथा दरमखोलामा कुनै पनि तरिकाले माछा मार्न निषेध गरिएको हो । नगरपालिकाले जलचर संरक्षण तथा दिगो उपयोगको व्यवस्था गर्न चालु आर्थिक वर्ष २०८३/०८४ मा जलचर संरक्षण सम्बन्धी नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ल्याएको छ ।

प्रतिबन्धको अवधि सकिएपछि जलचर उपयोग गर्न चाहनेले कात्तिक मसान्तसम्म इजाजतपत्र नवीकरण गर्नुपर्ने वा नयाँ इजाजतपत्र लिएर मात्र जलचर उपयोग गर्नुपर्ने सूचनामा उल्लेख छ । नगरपालिकाले जारी गरेको सूचनाको अवज्ञा गरी माछा मारेमा गलकोट नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८० को दफा १४ बमोजिम रु. एक लाखसम्म जरिवाना हुन सक्ने चेतावनी दिएको छ । नगरपालिकाले असला माछा संरक्षण, जलचर जैविक विविधताको संवर्द्धन तथा प्राकृतिक स्रोतको दिगो उपयोगका लागि सम्पूर्ण नगरवासीलाई सहयोग गर्न आग्रह गरेको छ ।

## न्यू लाइफमा स्मृति दिवस

गलकोटपत्र/हटिया

न्यू लाइफ आवासीय माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्वर ६ मा १७ औँ निकेश चन्द्र चोखाल (निवेश) स्मृति आधारभूत तहस्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

न्यू लाइफ आवासीय माध्यमिक विद्यालयको आयोजनामा सम्पन्न प्रतियोगितामा गलकोट नगरपालिकामा ६ देखि ८ कक्षा सञ्चालित १८ वटा विद्यालयको सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गलकोट नगरपालिकाका नगर शिक्षा अधिकृत शिव खड्काले यस कार्यक्रमले सामुदायिक र संस्थागत विद्यालयबीच स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने बताउनुभयो । उहाँले विद्यालयहरूबीचको प्रतिस्पर्धा केवल नतिजाका लागि नभई विद्यार्थीको क्षमता, ज्ञान, सिर्जनशीलता र आत्मविश्वास विकास गर्ने माध्यम बन्नुपर्नेमा जोड दिएका थिए ।

नगर शिक्षा अधिकृत खड्काले गलकोटको समृद्धि र विकासका लागि जिम्मेवारी बहन गर्न सक्ने सक्षम तथा दक्ष नागरिक उत्पादन गर्नु आजको प्रमुख आवश्यकता रहेको बताउँदै विद्यार्थीको ज्ञान र क्षमताको विकाससँगै उनीहरूलाई समाज र राष्ट्रप्रति उत्तरदायी बनाउन विद्यालयको भूमिका महत्वपूर्ण हुने बताए । उनले सामुदायिक र संस्थागत विद्यालयबीच रहेको दूरी कम गर्दै आपसी सहकार्य, समन्वय र अनुभव आदानप्रदानमार्फत शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने बताए । खड्काले यसका लागि न्यू लाइफ आवासीय माध्यमिक विद्यालयले सामुदायिक तथा संस्थागत विद्यालयलाई एउटै मञ्चमा ल्याएर स्वस्थ प्रतिस्पर्धा र सहकार्यको वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको समेत उल्लेख गरेका थिए ।

प्रतियोगितामा जनजागृति माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्वर ८ प्रथम, प्रगति आधारभूत विद्यालय गलकोट नगरपालिका वडा नम्वर ७ द्वितीय, न्यू लाइफ आवासीय माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्वर ६ तृतीय भएका छन् । त्यस्तै प्रतियोगितामा नवयुवक आधारभूत विद्यालय गलकोट नगरपालिका वडा नम्वर २ र दीपज्योति


»» बाँकी पृष्ठ ४ मा"।


## उद्योग वाणिज्य संघको वार्षिकोत्सव

गलकोटपत्र/हटिया

गलकोट उद्योग वाणिज्य संघ गलकोटको सातौँ वार्षिकोत्सव तथा महिला उद्यम विकास समितिको भेला, प्रशिक्षण एवं प्रथम अधिवेशन सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले स्थानीय स्तरमा उद्योग तथा व्यवसायको विकास र प्रवर्द्धनका लागि निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताएका छन । उनले स्थानीय उत्पादनको बजारीकरण, उद्यमशीलताको विकास र रोजगारी सिर्जनाका लागि उद्योगी–व्यवसायीबीच सहकार्य आवश्यक रहेको उल्लेख गरेका थिए ।

नगरप्रमुख गैरेले विशेषगरी महिलालाई उद्यम तथा व्यवसायमा जोड्दै आर्थिक रूपमा आत्मनिर्भर बनाउन आवश्यक रहेको बताउँदै महिला उद्यमीको क्षमता विकास, सीप अभिवृद्धि र व्यवसाय विस्तारका लागि स्थानीय तहबाट आवश्यक सहयोग र सहकार्य गरिने बताए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष नरेश कर्डैंलले महिला उद्यमीहरूलाई उद्यमशीलता विकास तथा व्यवसाय सञ्चालन सम्बन्धी प्रशिक्षण प्रदान गरेका थिए । प्रशिक्षणका क्रममा उहाँले महिलाहरूलाई उद्यम तथा व्यवसायमा सक्रिय रूपमा सहभागी गराउँदै आर्थिक रूपमा सबल बनाउन आवश्यक रहेको बताए । उनले व्यवसाय सुरु गर्नुअघि बजारको आवश्यकता पहिचान, लगानीको उचित व्यवस्थापन तथा उत्पादनको गुणस्तरमा ध्यान दिनुपर्नेमा जोड दिए । त्यसैगरी स्थानीय स्रोत, साधन र सीपको उपयोग गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन सके महिलाहरूले आत्मनिर्भर बन्नुका साथै परिवार र समाजको आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने धारणा राखेका थिए ।


»» बाँकी पृष्ठ ४ मा"।



गलकोट अफसेट प्रेस

उच्च गुणस्तरीय छपाई र उत्कृष्ट ग्राहक सेवाको लागि सदैव हामीलाई विश्वसनीय साथीको रुपमा सम्झनुहोस् ।

गलकोट नगरपालिका-३, क्याम्पसगेट, हटिया, बागलुङ




अफसेट छपाई | व्यानर छपाई | सेल्फ स्ट्याम | टाइपिङ, फोटोकपी | टी-शर्ट प्रिन्ट | लेमिनेसन

विवाह कार्ड छपाई गर्ने ठाँउ !

ग्राफिक्स डिजाइन

कार्यक्रमका प्रमाण-पत्र, व्याच, मायाको चिनो, फ्रेम, मेडल, ट्रफी, लगायत सम्पूर्ण सामाग्रिहरु पनि उपलब्ध छन् ।

प्रो. ज्ञान खड्का सागर

फो. ०६८-४१७०७१, ९८५७६१७३७१

नयाँ नेपाल निर्माणको लागि ग्रामीणमुखी पत्रकारिता

**सम्पादकीय** ✍...........

# माछाको संरक्षण गरौं

गलकोट नगरपालिका भएर बग्ने दरमखोला र गौदीखोला केवल पानीका स्रोत मात्र होइनन्, यी खोला गलकोटको प्राकृतिक सम्पदा, जैविक विविधता र स्थानीय पहिचानका महत्वपूर्ण आधार हुन्। विशेषगरी यी खोलामा पाइने असला माछा गलकोटको चिनारीसँग जोडिएको बहुमूल्य जलचर सम्पदा हो। नेपालमै प्रसिद्ध मानिने असला माछाको संरक्षण गर्नु आजको आवश्यकता मात्र नभई भावी पुस्ताप्रतिको हाम्रो जिम्मेवारी पनि हो । विगतका वर्षहरूमा दरमखोला र गौदीखोलामा निश्चित अवधिमा माछा मार्न निषेध गर्ने सूचना प्रभावकारी रूपमा कार्यान्वयन हुँदा असला माछा संरक्षणमा सकारात्मक परिणाम देखिएको छ । स्थानीय समुदायको सहभागिता र सहयोगबिना कुनै पनि संरक्षण अभियान दीर्घकालीन रूपमा सफल हुन सक्दैन भन्ने कुरा यसले पनि प्रमाणित गरेको छ । नगरपालिकाको यो पहल पक्कै पनि यो सकारात्मक र अनुकरणीय विषय हो ।

असला माछाको जीवनचक्रमा शरद ऋतु विशेष महत्वपूर्ण हुन्छ । यही समयमा यसले फूल पार्ने भएकाले प्रजनन प्रक्रियामा अवरोध भए यसको संख्या क्रमशः घट्न सक्छ । त्यसैले असोजदेखि मंसिरसम्मको प्रजनन अवधिमा माछा मार्न रोक लगाउनु असला माछाको प्राकृतिक वृद्धि र संरक्षणका लागि अत्यन्त आवश्यक कदम हो । गलकोट नगरपालिकाले चालू आर्थिक वर्ष २०८३/०८४ मा जलचर संरक्षणसम्बन्धी नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ल्याउनु स्वागतयोग्य पहल हो। तर संरक्षण केवल नगरपालिकाको जिम्मेवारी होइन। स्थानीय सरकार, सुरक्षा निकाय, राजनीतिक दल, सामाजिक संघसंस्था, युवा, विद्यार्थी, व्यवसायी र प्रत्येक नागरिकको साझा दायित्व हो। प्रतिबन्धित समयमा खोलामा करेन्ट, विषादी, जाल, पासो वा अन्य कुनै माध्यमबाट माछा मार्ने कार्य रोक्न सबै सचेत हुन आवश्यक छ । नियम उल्लङ्घन गर्ने प्रवृत्तिलाई सामाजिक रूपमा निरुत्साहित गर्दै आवश्यक कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि सम्बन्धित निकायको ध्यान जानुपर्छ। असला माछा संरक्षण गर्नु एउटा प्रजातिको संरक्षण मात्र होइन! यससँग जोडिएको सम्पूर्ण नदी प्रणाली र जलचर पारिस्थितिक प्रणालीको संरक्षण गर्नु हो। खोलामा पानीको प्राकृतिक बहाव कायम राख्ने, जलप्रदूषण नियन्त्रण गर्ने, खोलामा फोहोर नफाल्ने, अनियन्त्रित उत्खनन रोक्ने तथा जलचरको प्राकृतिक बासस्थान सुरक्षित राख्ने कार्य पनि उत्तिकै आवश्यक छन्।

आज हामीले केही माछा समातेर प्राप्त गर्ने तत्कालीन लाभभन्दा भावी पुस्ताले स्वच्छ खोलामा पर्याप्त असला माछा देख्न र पाउन सक्ने वातावरणलाई प्राथमिकता दिनुपर्छ । स्थानीय उत्पादन, पर्यटन र गलकोटको प्राकृतिक पहिचानसँग समेत असला माछालाई जोड्न सकिने सम्भावना छ। त्यसैले यसको संरक्षणसँगै वैज्ञानिक र दिगो उपयोगको नीति अघि बढाउनु आवश्यक छ। दरमखोला र गौदीखोलाको असला माछा गलकोटको साझा सम्पत्ति हो। यसको संरक्षणमा सबैलाई प्रेरित गरौं र खोलाको प्राकृतिक सम्पदा जोगाउने अभियानमा हातेमालो गरौं ।

**मिति २०८३ भाद्र २९ गते सोमवार प्रकाशित हुनुपर्ने गलकोटपत्र साप्ताहिक प्राविधिक कारणले प्रकाशन हुन नसकेको हुँदा ग्राहक तथा पाठक वर्गमा पर्न गएको असुविधाप्रति क्षमा प्राथी छौ.। - सम्पादक**

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

बागलुङ जिल्ला कोड नं. ०६८

जिल्ला प्रशासन्: ५२०१३३/५२०२३३
प्रहरी :- ५२०१९९/५२०२१९/१००
धौ.अ.प्र.का.- ५२०१९३/५२०१०९/५२०३०१
जिल्ला ट्राफिक प्रहरी :- ५२०३९९
बागलुङ कारगार:- ५२०२६७
नेपाली सेना :- ५२०२००
अञ्चल अस्पताल :- ५२०२८८/५२०१८८
रक्त सञ्चार केन्द्र :- ५२०२७३
नेपाल रेडक्रस सोसाईटी:- ५२०१६९
आँखा असपताल :- ५२०१३७
जि.स.स.:- ५२०१४४/५२०१४८/५२०४०५
विद्युत प्राधिकरण :- ५२०२२०/५२०१७७
बस टिकट काउण्टर-चिप्लेटी) :- ५२११३२
जीप टिकट काउण्टर :- ५२११४०
दुरससञ्चार:- ५२०१११/५२०२२२/५२०२४४
डि.सहकारी का. :- ५२०३०२
ई.प्र.का. हरिचौर :- ४११०५५
ई.प्र.का. तारा :-९८५१०००७५८
हटिया प्रहरी चौकी :- ९८५७६९०१५८
नरेठाँटी प्रहरी चौकी: ९८०८४६३६०४
ग.प्रा.स्वा.के. हरिचौर :- ४११०८८
गलकोट एफ.एम.:- ४१२०४३
जिप काउण्टर हटिया:- ४१२०८८
जिप काउण्टर हरिचौर:- ४११०३६
बस काउण्टर हटिया:- ४१२०५५

गलकोट नगरपालिका:-
प्रमुख:- ९८५७६४०७५१
उप-प्रमुख:- ९८५७६२०८८४
गलकोट नगरपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६४८८८१
वार्ड नं.२:- ९८५७६२७२२२
वार्ड नं.३ :- ९८४७६६२९११
वार्ड नं.४:- ९८५७६४०८४६
वार्ड नं.५:- ९८४७७२०६६५
वार्ड नं.६:- ९८६१२९६३६५
वार्ड नं.७:- ९८५७६२२९२१
वाड नं.८:- ९८५७६२१११४
वार्ड नं.९:- ९८५७६२२८४२
वार्ड नं.१०:- ९८५७६२२१०८
वार्ड नं.११:- ९८५७६२९११५
प्रमुख प्र. अधिकृत:- ९८५७६४८१११
ताराखोला गाउँ पालिका
अध्यक्ष:- ९८५७६२३५०१
उपाध्यक्ष:- ९८४७६६५१६०
ताराखोला गाउँपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६६११२१
वार्ड नं.२:- ९८५७६६११२२
वार्ड नं.३ :- ९८५७६६११२३
वार्ड नं.४:- ९८५७६६११२४
वार्ड नं.५:- ९८५७६६११२५
प्रमुख प्र. अधिकृत:- ९८५७६६११११

# संविधानको मर्मप्रति निष्ठा



✍ वीरेन्द्रकुमार ठाकुर

संविधान दिवस संविधान जारी भएको ऐतिहासिक दिनको स्मरण मात्र होइन, संविधानले परिकल्पना गरेको राज्य र समाज व्यवहारमा कति निर्माण भयो भन्ने आत्मसमीक्षा गर्ने अवसर पनि हो । नेपालको संविधानले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा संस्थागत गर्दै समावेशी, सामाजिक न्याय, समानुपातिक सहभागिता र राज्यशक्तिको विकेन्द्रीकरणलाई महत्वपूर्ण आधार बनाएको छ । त्यसैले संविधान दिवसको सार उपलब्धिको चर्चा गर्नुमा मात्र होइन, संविधानले सम्बोधन गर्न बाँकी राखेका प्रश्न पहिचान गरी तिनको समाधानको बाटो खोज्नुमा पनि निहित छ ।

यस दृष्टिले नेपालको पछिल्लो राजनीतिक परिवेश नियाल्दा एउटा महत्वपूर्ण परिवर्तन देखिन्छ । जनताको असन्तुष्टि अब केवल सरकार वा राजनीतिक दलको कार्यशैलीसँग सीमित छैन! राज्यको शासनप्रणाली, प्रतिनिधित्वको स्वरूप र शक्ति वितरणको तौरतरिकामाथि पनि प्रश्न उठ्न थालेको छ । यसलाई तत्कालीन राजनीतिक असन्तुष्टिको अभिव्यक्ति मात्र ठान्नुभन्दा यसको पृष्ठभूमि र दीर्घकालीन अर्थ बुझ्नु आवश्यक छ ।

यस सन्दर्भमा विगतमा राज्यका विभिन्न तहमा पर्याप्त प्रतिनिधित्व, पहिचान, समान सहभागिता, सामाजिक न्याय र निर्णय प्रक्रियामा अर्थपूर्ण पहुँचका विषयमा उठेका आवाजलाई स्मरण गर्नु पर्छ । तीमध्ये कतिपय विषय संवैधानिक तथा राजनीतिक प्रक्रियामार्फत सम्बोधन भए तर सबै प्रश्न पूर्ण रूपमा टुङ्गिएका छैनन् । कतिपय माग नयाँ परिस्थिति अनुसार नयाँ स्वरूपमा प्रकट भइरहेका छन् भने कतिपयले बदलिँदो सामाजिक चेतनासँगै थप व्यापक अर्थ ग्रहण गरेका छन् ।

यस्ता प्रश्न लामो समयसम्म सम्बोधन नभए तिनको अभिव्यक्ति सधैं एउटै राजनीतिक नारामा हुँदैन । कहिलेकाहीँ स्थापित राजनीतिक शक्तिप्रतिको असन्तुष्टिमा, कहिलेकाहीँ नयाँ नेतृत्वको खोजीमा र कहिलेकाहीँ निर्वाचनमा अप्रत्याशित राजनीतिक रोजाइका रूपमा त्यसको प्रभाव देखिन सक्छ । पछिल्लो निर्वाचनमा देखिएको नयाँ राजनीतिक विकल्पप्रतिको आकर्षणलाई पनि यही व्यापक परिवर्तनशील मनोविज्ञानको एउटा सङ्केतका रूपमा बुझ्न सकिन्छ । निर्वाचन परिणामलाई एउटै कारणबाट व्याख्या गर्नु भने उचित हुँदैन । मतदाताको रोजाइमा नेतृत्वप्रतिको अपेक्षा, सुशासनको चाहना, पुराना राजनीतिक शक्तिप्रतिको असन्तुष्टि, नयाँ विकल्पको खोजी, उम्मेदवारको व्यक्तित्व, स्थानीय परिस्थिति र राष्ट्रिय राजनीतिक वातावरण जस्ता अनेक पक्षले प्रभाव पार्छन् । त्यसैले नयाँ राजनीतिक विकल्पप्रतिको आकर्षणलाई कुनै एक समुदायको प्रतिक्रिया वा विगतका सबै राजनीतिक मुद्दाको अन्त्यका रूपमा बुझ्नु सही हुँदैन । बरु यसले मतदाता स्थापित राजनीतिक समीकरणमाथि प्रश्न गर्न र नयाँ सम्भावना परीक्षण गर्न तयार हुँदै गएको सङ्केत गर्छ ।

मतदाताको यो बदलिँदो मनोविज्ञानलाई केवल निर्वाचनको परिणाममा सीमित गरेर हेर्न पनि मिल्दैन । यही समयमा विभिन्न सामाजिक समुदायबाट राज्यका संरचनामा आफ्नो अर्थपूर्ण उपस्थिति, सम्मान र सहभागिताको माग बलियो हुँदै गएको छ । मधेसी, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाति, थारू, दलित, महिला, सीमान्तकृत समुदाय तथा पिछडिएका क्षेत्रका नागरिकले राज्यका अवसर र निर्णय प्रक्रियामा आफ्नो हिस्सेदारीबारे प्रश्न उठाइरहेका छन् । राजनीतिक तथा प्रशासनिक शक्ति संरचनामा आफ्नो उपस्थिति खोज्ने आकाङ्क्षा पनि विभिन्न रूपमा अभिव्यक्त भइरहेको छ ।

यी आकाङ्क्षालाई केवल समुदायगत प्रतिस्पर्धाका रूपमा बुझ्नु उचित हुँदैन । यिनको अन्तर्यमा राज्यका अवसर, स्रोत, सम्मान र निर्णय प्रक्रियामा समान पहुँचको चाहना छ । त्यसैले एउटा समुदायको आवाजलाई अर्को समुदायको प्रतिस्पर्धी आवाजका रूपमा हेर्नुभन्दा तिनमा रहेका साझा लोकतान्त्रिक आकाङ्क्षा पहिचान गर्न आवश्यक छ । मूल प्रश्न हो, किन नागरिकले आफ्नो राज्यमा समान स्वामित्व अनुभूत गर्न अझै आफ्नो समुदायको प्रतिनिधित्व खोज्नुपर्ने अवस्था महसुस गरिरहेका छन् ?

राज्यका संस्था सबै नागरिकका लागि समान रूपमा पहुँचयोग्य, उत्तरदायी र प्रतिनिधिमूलक छन् भने आफ्नो पहिचान, अधिकार र राजनीतिक भविष्य सुरक्षित गर्न समुदायगत प्रतिनिधित्वमै निर्भर हुनुपर्ने मनोविज्ञान किन बलियो हुँदै छ ? यसको उत्तर खोज्नु आजको लोकतान्त्रिक बहसको महत्वपूर्ण जिम्मेवारी हो ।

यही प्रश्नले स्वाभाविक रूपमा राज्यको संरचना र त्यसमा शक्ति वितरण कसरी गरिएको छ भन्ने बहसतर्फ लैजान्छ । नेपालको सङ्घीयता पनि यही ऐतिहासिक प्रश्नको एउटा राजनीतिक उत्तर थियो । राज्यशक्तिको केन्द्रीकरणबाट उत्पन्न दुरी र असमानता घटाउने, प्रदेश र स्थानीय तहलाई अधिकारसम्पन्न बनाउने, निर्णय प्रक्रियालाई नागरिकको नजिक पुऱ्याउने तथा विविध समुदायलाई शासनमा अर्थपूर्ण हिस्सेदारी दिलाउने उद्देश्यले सङ्घीय संरचना स्थापना गरिएको हो । सङ्घीय संरचना निर्माण हुनु र सङ्घीयताको मर्म व्यवहारमा स्थापित हुनु एउटै कुरा भने होइन । सङ्घीयताको मूल्याङ्कन अब यसको संरचना बनेको छ कि छैन भन्ने आधारमा मात्र होइन, त्यसले नागरिकको जीवन र शासनको अभ्यासमा कस्तो परिवर्तन ल्यायो भन्ने आधारमा हुनु पर्छ ।

प्रदेशले संविधानले दिएको अधिकार कति प्रयोग गर्न सके ? स्थानीय तह कति स्वायत्त छन् ? प्रदेश र स्थानीय तहसँग पर्याप्त वित्तीय तथा प्रशासनिक क्षमता छ कि छैन ? केन्द्र र प्रदेशबिच अधिकारको बाँडफाँट व्यवहारमा कति सन्तुलित छ ? सङ्घीय संरचनाले नागरिकलाई निर्णय प्रक्रियामा आफ्नो प्रभाव बढेको अनुभूति गराएको छ कि छैन ?

यी प्रश्नको उत्तर खोज्दै जाँदा सङ्घीयताको अर्को महत्वपूर्ण पक्ष प्रदेशको संरचना र सीमाङ्कनतर्फ पनि ध्यान जान्छ । प्रदेश सीमाङ्कनको विषय संविधान निर्माणसँगै टुङ्गिएको जस्तो देखिए पनि व्यवहारमा यससँग जोडिएका प्रश्न पूर्ण रूपमा समाप्त भएका छैनन् । विभिन्न प्रदेशको भौगोलिक बनोट, सांस्कृतिक सम्बन्ध, ऐतिहासिक पृष्ठभूमि, आर्थिक सम्भावना, प्रशासनिक पहुँच र पहिचानसँग सम्बन्धित विषयमा समय समयमा असन्तुष्टि व्यक्त हुँदै आएको छ । कतै प्रदेशको नाम र पहिचानको प्रश्न छ, कतै स्रोत र अवसरको वितरण तथा प्रशासनिक व्यवहारको ।

लोकतान्त्रिक राज्यमा कुनै संरचना एक पटक बनेपछि त्यसको समीक्षा नै गर्न नहुने भन्ने मान्यता हुँदैन तर समीक्षा तथ्य, अनुभव, संवैधानिक प्रक्रिया र व्यापक राष्ट्रिय सहमतिका आधारमा हुनु पर्छ । प्रदेश सीमाङ्कनको बहसलाई पनि यही परिपक्वताका साथ हेर्न आवश्यक छ ।

यससँगै प्रतिनिधित्वको प्रश्न अझ संवेदनशील रूपमा जोडिन्छ । जनसङ्ख्याका आधारमा प्रतिनिधित्व हुनु पर्छ भन्ने माग नेपालमा पटक पटक उठ्दै आएको छ । लोकतन्त्रमा प्रत्येक नागरिकको मतको समान मूल्य हुनु पर्छ भन्ने सिद्धान्त महत्वपूर्ण छ तर नेपालको भौगोलिक विविधता, दुर्गम अवस्था, क्षेत्रीय सन्तुलन र समावेशीलाई पनि बेवास्ता गर्न सकिँदैन ।

त्यसैले प्रतिनिधित्वको बहस 'जनसङ्ख्या कि भूगोल ?' भन्ने दुई ध्रुवमा सीमित हुनु हुँदैन । वास्तविक प्रश्न हो जनसङ्ख्या, भूगोल, समावेशी र राजनीतिक समानताबिच न्यायपूर्ण सन्तुलन कसरी कायम गर्ने ? यस प्रश्नको उत्तर भावनात्मक आग्रहभन्दा तथ्य, संवैधानिक सिद्धान्त र लोकतान्त्रिक अभ्यासका आधारमा खोजिनु पर्छ ।

यही कारणले विगतमा राज्य पुनर्संरचनासम्बन्धी आयोग तथा विभिन्न अध्ययन र प्रतिवेदनले प्रस्तुत गरेका सुझाव पनि पुनः बहसको विषय बन्न सक्छन् । ती प्रतिवेदनलाई न अक्षरशः स्वीकार गर्नुपर्ने हुन्छ, न त पूर्णतः अस्वीकार

»» बाँकी पृष्ठ ४ मा.

# जनहितमा जनचेतनामूलक कार्यक्रम

गलकोटपत्र/हटिया

जनहित माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नं. ७ मा लागुऔषध दुरुपयोगविरुद्ध जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

इलाका प्रहरी कार्यालय गलकोट, बागलुङको सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत आयोजित कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी तथा स्थानीय जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा इलाका प्रहरी कार्यालय गलकोटका कार्यालय प्रमुख प्रहरी निरीक्षक डम्बरबहादुर थापाले सहजीकरण गर्दै लागुऔषधको बढ्दो प्रयोगबाट व्यक्ति, परिवार तथा समाजमा पर्ने नकारात्मक असरका विषयमा सहजीकरण गरेका थिए । उनले लागुऔषध दुरुपयोगबाट जोगिन अपनाउनुपर्ने सावधानी, यसको रोकथामका उपाय तथा विद्यार्थीको भूमिकाबारे सहजीकरण गरेका थिए ।

विद्यार्थीहरूलाई लागुऔषधको दुर्व्यसनबाट टाढा राख्दै स्वस्थ, अनुशासित, जिम्मेवार तथा सभ्य समाज निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताइएको छ ।

कार्यक्रम गलकोट नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राज बहादुर थापाको अध्यक्षता र विद्यालयका प्रधानाध्यापक बुद्धिप्रसाद गौतमको सञ्चालनमा सम्पन्न भएको थियो ।

कार्यक्रमले विद्यार्थी तथा विद्यालय परिवारमा लागुऔषधविरुद्धको चेतना अभिवृद्धि गर्दै यसको दुर्व्यसन नियन्त्रण तथा रोकथाममा सकारात्मक सन्देश प्रवाह गरेको आयोजकले जनाएको छ ।

# डरलाग्दो (अ)सामाजिक सञ्जाल



✍ रामेश्वरी पन्त

सामाजिक सञ्जाल बौद्धिक विमर्शको थलो, चेतना जगाउने र सुसूचित गराउने, समाजलाई जोड्ने सुरुवाती चरित्रबाट आज 'असामाजिक सञ्जाल'मा रुपान्तरित हुँदै गएको हो कि जस्तो भएको छ । सञ्जालमा जोडिनेहरू यति आक्रामक, अराजक र हिंस्रक बन्न थालेका छन् आफूलाई मन नपर्ने कुरा कसैले बोल्यो वा लेख्यो भने तत्काल हिंसात्मक आक्रमणमा उत्रिन्छन् । उनीहरूका आक्रमण सुन्नै नसकिने गालीगलौज र चरित्रहत्यासम्म पुग्छ । यो एउटा 'भयपूर्ण प्लाटफर्म' बन्दै गएको छ । सञ्जालको जालोमा फैलिने अभद्र टिप्पणी, अश्लील गालीबाट स्वस्थ विचार डराएको छ र चुप लाग्नु नै वेश भन्दै कतिपय बौद्धिक र शालीन विचार राख्नेहरू सञ्जालबाट टाढिँदै छन् ।

सञ्जाल किन यति धेरै अराजक र असहिष्णु बन्दै गइरहेको छ त ? जवाफ- गत वर्षको २३ र २४ भदौका नरसंहार र विध्वंसको मूल सूत्राधार नै सामाजिक सञ्जाल थियो भनेर भन्न कुनै डर मान्नु पर्दैन ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको शासनकालमा 'ओली अहंकार' र देशमा व्याप्त भ्रष्टाचार एवं बेथितिविरुद्ध आवाजहरू उठ्न थाले । बिस्तारै ती आवाजहरू अत्यन्त आक्रामक, गालीगलौजपूर्ण र चरित्रहत्यासम्मा पुगेपछि तत्कालीन सरकारले फेसबुक, टिकटकलगायत दुई दर्जनजति सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । यही निर्णय नै अन्ततः २३ भदौको नरसंहार र २४ भदौको आगजनी, विध्वंस र लुटपाटको प्रमुख कारण बन्यो । यही शक्तिले सरकार मात्र ढलेन, कैयौं नेताको भागाभाग भयो । देशको सत्ता युवाहरूको हातमा पुग्यो । यही शक्तिबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अत्यधिक मतका साथ सत्तामा पुग्यो ।

'पुरानाजति सबै भ्रष्ट, सबै खराब' भन्ने भाष्य सिर्जना गर्दै उर्लेको सञ्जालको बाढीले सत्ता परिवर्तन त गर्‍यो तर नयाँ पुस्ताको मानसिकतामा भने सोचेजस्तो परिवर्तन ल्याउन सकेन । बरु गालीगलौजको संस्कृति झन् झाँगिँदै जाँदा नयाँ पुस्ता र नयाँ सत्ताका अन्धसमर्थकहरूमा अनुशासन, विवेक, सभ्यता र संस्कार शून्यप्रायः हुँदै गएको देखिन्छ । भदौ २०८२ मा सामाजिक सञ्जालको बाढीले जसरी पूरै देशलाई तहसनहस गराएको थियो, त्यसैगरी १० भदौ २०८३ मा भोटेकोशी बाढीले पनि देशलाई तहसनहस गरायो । पहिलो बाढीमा सामाजिक सञ्जालले कलिला किशोरकिशोरीहरूलाई विध्वंसमा उतार्‍यो र तिनको प्राणपखेरु उड्यो । परिवर्तनको नाममा ज्यान गुमाएकाहरूका आमाबाबु रित्तो काख लिएर अहिले पनि सन्तानको यादमा रोइरहेका छन् । उनीहरूप्रति सबैको सहानुभूति र सद्भाव छ ।

भोटेकोशी बाढीले निम्त्याएको 'तवाही'पछि आफन्त, परिवार र प्रियजन गुमाएका व्यक्तिहरू, खासगरी महिलाप्रति सञ्जाल यति असहिष्णु, असंवेदनशील, अराजक, असभ्य र घृणित देखिएको छ कि कुनै महिलाले मेरो परिवारलाई बचाइदेऊ भनेर सरकारसँग बिन्ती गर्दा गाली र बोलिएका शब्दहरू पढ्न वा उच्चारण गर्न नसक्ने हुन्छन् । मानवीय संवेदना गुमाइसकेको एउटा जमातले न सरकारसँग गरेको गुनासो सुन्न चाहन्छ न सरकारका गलत कदमबारे उठाएका आवाज नै । बाढीले परिवारसहित सर्वस्व गुमाएकाहरूको आर्तनादमाथि सहानुभूतिको मलमपट्टी गर्नुपर्नेमा सत्तापक्षीय वा सत्तासमर्थक सामाजिक सञ्जालमा रमाउने एकथरी पीडितलाई झन् पीडा दिँदै मानसिक रूपमा थला नै पार्न लागिपरेको छ । स्वजनहरू गुमेको पीडामा राज्य गुहारिरहेका महिलामाथि खनिएको सामाजिक सञ्जालरूपी अदृश्य बाढी थामिनसक्नुको छ । विपद्का बेला विशेष संरक्षण र सहानुभूति पाउनुपर्ने महिला उल्टै डिजिटल हिंसा र सामाजिक लाञ्छनाको सिकार बन्नुले समाजको मानसिकता र प्रविधिको चरम दुरुपयोगलाई छरपस्ट पारेको छ ।

प्राकृतिक विपद्का बेला तुलनात्मक रूपमा सामाजिक र मानसिक रूपमा महिला बढी जोखिममा परेका हुन्छन् । सुरक्षित आश्रयस्थल अभाव, शौचालय तथा प्रजनन स्वास्थ्य तथा सरसफाइजस्ता समस्याले महिलालाई कमजोर बनाइरहेको हुन्छ । यस्तो संवेदनशील अवस्थामा कतिपय महिला राज्य र सरोकारवालाहरूलाई समस्या सुनाउन सञ्चारमाध्यम वा सामाजिक सञ्जालको सहायता लिँदा तिनै तस्बिर, भिडियो तथा अन्तर्वार्ताको दुरुपयोग गर्दै सामाजिक सञ्जालमा गलत रूपमा प्रस्तुत गर्ने, ट्रोल बनाउने, लाइक र भ्युजका लागि भाइरल बनाउनेजस्ता घृणित प्रवृत्तिले संकटमा सहारा खोजिरहेका महिलाको अस्तित्वमाथि नै प्रहार भइरहेको छ । पीडित महिलालाई गाली गर्ने उनीहरूको हुर्मत लिनेमा पुरुषहरू त देखिए नै, महिलाको जमात पनि कम देखिएन । कुनै एउटी महिला अर्की महिलाको पीडा देखेर/सुनेर पनि किन उसको हुर्मत लिन तम्सन्छे ? यसको पहिलो जवाफ हो, उसको दिमागमा भरिएको पितृसत्ताको नसा र दोस्रो, उसको दिमागमा अल्गोरिदमले भरेको 'अन्धभक्ति' ।

पीडित महिला रोइरहेको भिडियोमा अश्लील टिप्पणी गर्दै चरित्रहत्या गर्ने, पीडितलाई नै दोषी देखाउँदै अपशब्द बोल्ने, पीडितले बोलेका कुराहरू हालेर टिकटकमा मनोरञ्जन लिँदै 'भ्युज' र 'लाइक' बढाउनेजस्ता प्रवृत्तिले बोल्नै नसक्ने अवस्थामा पुर्‍याएको छ । यस्तो प्रवृत्ति केवल 'सञ्जालको गाली' मात्र नभएर समाजमा विकसित भइरहेको मनोसामाजिक समस्या हो । यो समस्या महामारीको रूपमा फैलिँदै समाज र राज्यकै नियन्त्रणबाहिर पुगिसकेको देखिन्छ । यसले विपद्मा सर्वस्व गुमाएर मानसिक आघातमा परेका महिलालाई थप आघातमा पुर्‍याइरहेको छ । साथै समाजमा यस्तो डरलाग्दो भाष्य निर्माण गरिरहेको छ कि महिलाले संकटको समयमा पनि आवाज उठाउनु हुँदैन ।

यस्तो भाष्य निर्माणको जग कहीं न कहीं स्वयं राज्यसत्तामा रहेका र यसका पृष्ठपोषकहरू नै हुन् भन्दा खुट्टा कमाउनु पर्दैन । जस्तो बीउ रोप्यो फल्ने त्यस्तै हो । यसर्थ, बेलैमा सम्बन्धित सबै पक्ष गम्भीर बनेर सामाजिक सञ्जाललाई नियमन र नियन्त्रण गर्नतर्फ लाग्नुपर्छ ।

यसैगरी सञ्चारमाध्यम र सञ्चारकर्मीहरू पनि आचारसंहिता पालना गर्दै संवेदनशील बन्नु जरुरी छ । पहिलो हुन र भाइरल बन्न कसैका व्यक्तिगत विषयलाई छरपस्ट पार्ने काम अपराध हो । कसैको पीडालाई मनोरन्जन र आम्दानीको साधन बनाउने, महिलाको चरित्रहत्या गर्नेलगायत कार्य नियन्त्रण गर्न राज्यको कानुन निर्मम बन्नैपर्छ । त्यसपछि मात्र 'विचार'ले (अ)सामाजिक सञ्जालको भयबाट मुक्ति पाउनेछ । शाभारः कान्तिपुर

## शितलपाटी युवा क्लवको वार्षिकोत्सव

गलकोटपत्र/हटिया

शितलपाटी युवा क्लव गलकोट नगरपालिका वडा नं. २ को दोश्रो वार्षिकोत्सव तथा तीज मेला सम्पन्न भएको छ ।

अनुशासित युवा स्वस्थ जीवन खेलकुदबाटै राष्ट्रको प्रवर्धन भन्ने नाराका साथ शितलपाटी युवा क्लव गलकोट नगरपालिका वडा नं. २ घसघसा, राम्चे, छबिसेको दोश्रो वार्षिकोत्सव तथा तीज मेला -२०८३ सम्पन्न भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गलकोट नगरपालिका वडा नं. २ का वडा अध्यक्ष हिमबहादुर भण्डारीले समाजको विकास र सकारात्मक परिवर्तनका लागि युवाहरूलाई सिर्जनात्मक तथा सामाजिक कार्यमा जोड्न आवश्यक रहेको बताए । उनले खेलकुदले युवाको शारीरिक तथा मानसिक विकाससँगै अनुशासन र नेतृत्व क्षमताको विकासमा समेत महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरेका थिए ।

वडा अध्यक्ष भण्डारीले गाउँस्तरमा आयोजना हुने साना-साना खेलकुद प्रतियोगिताले प्रतिभावान खेलाडी पहिचान गर्न सहयोग पुग्ने भन्दै यस्ता प्रतियोगिताबाट उत्कृष्ट खेलाडीलाई राष्ट्रिय स्तरसम्म पुग्ने आधार तयार हुने बताए । उनले युवाहरूलाई खेलकुदसँगै सामाजिक तथा रचनात्मक गतिविधिमा सक्रिय बनाउन स्थानीय तहले समेत आवश्यक सहयोग र सहकार्य गर्ने कुरा उल्लेख गरेका थिए ।

सो अवसरमा नवयुवक आधारभूत विद्यालयका प्रधानाध्यापक विष्णु गैरेले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको साविक वडा स्तरीय भलिबल प्रतियोगितामा शान्ति विकास मञ्च, गलकोट-२ तोरीखोला प्रथम र आकृति ट्राभल्स गलकोट नगरपालिका-१ दुदिलाभाटी द्वितीय भएको छ ।

भूपू भलिबल प्रतियोगितामा संगम युवा क्लव, गलकोट नगरपालिका-६ प्रथम भएको छ भने शितलपाटी युवा क्लव द्वितीय भएको खेल संयोजक रुपेश श्रीसले जानकारी दिए ।

कार्यक्रम शितलपाटी युवा क्लबका अध्यक्ष तीलक पुनको अध्यक्षता, गलकोट नगरपालिका-२ का वडा सदस्य रुद्रसिंह श्रीसको स्वागत तथा विसन श्रीसको सञ्चालनमा सम्पन्न भएको

## गर्भवती र सुत्केरीलाई एम्बुलेन्स सेवा

गलकोटपत्र/हटिया

ताराखोला गाउँपालिकाले गर्भवती र सुत्केरी महिलाको लागि एम्बुलेन्स सेवा उपलब्ध गराउने भएको छ । गत भदौ ८ गते दिउँसोदेखि नै ताराखोला गाउँपालिका वडा नम्बर ४ विसौनाकी देवी घर्तीलाई पेट दुख्न थालेको थियो । देवीलाई साँझ एक्कासी सुत्केरी व्यथाले च्याप्यो । मुसलधारे पानी परेको थियो । गाउँकै स्वास्थ्य संस्थामा नियमित गर्भजाँच गराएकी देवीलाई स्वास्थ्यकर्मीले 'ग्राहो अभ्प्यारो परे गाउँपालिकामा एम्बुलेन्स छ, तुरुन्तै सम्पर्क गर्नु' भनेका थिए । देवीका परिवारले गाउँपालिकाको स्वास्थ्य शाखालाई फोनमार्फत जानकारी गराए । गाउँपालिकाले तुरुन्तै एम्बुलेन्स पठायो । ३५ वर्षीया देवीले गाउँकै हिल स्वास्थ्य चौकीमा सोही रात तेस्रो सन्तानको रूपमा छोरालाई जन्म दिइन । यसअघि दुई सन्तान हिँडेर स्वास्थ्य संस्था पुगेर जन्माउँदा स्टेचरमा घर फर्किएकी देवीलाई यसपटक भने गाउँपालिकाको एम्बुलेन्सले नै घर पुर्‍याइदियो ।

ताराखोला गाउँपालिकाले पालिका भित्रका गर्भवती र सुत्केरीलाई २०७६ सालदेखि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएको छ । देवीले पालिकाबाट सोही सेवा प्राप्त गरेकी हुन ।

गाउँपालिकाबाट निशुल्क एम्बुलेन्स सेवा लिने देवीजस्तै ६५ जना महिलाहरू छन् । गाउँपालिकाका गर्भवती र सुत्केरी महिलालाई घरबाट स्वास्थ्य चौकी, स्वास्थ्य चौकीबाट सदरमुकामको धौलागिरी अस्पताल र पोखराका विभिन्न अस्पताल, अस्पतालदेखि घरमै पुर्‍याउने गरेको गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले बताए ।

गाउँपालिकालाई वि.सं २०६७ सालमा स्थानीय पोषक सापकोटा र उनका दाजुभाइले एम्बुलेन्स दिएका थिए । २०७७ सालमा गलकोट समाज जापानले अर्को एम्बुलेन्स उपलब्ध गरायो । सापकोटा र उनको परिवारबाट प्राप्त एम्बुलेन्स पुरानो भएर राम्रोसँग काम नगरे पनि गलकोट समाज जापानले उपलब्ध गराएको एम्बुलेन्सबाट सेवा प्रदान गरिरहेको स्वास्थ्य शाखा प्रमुख उदित थापाले बताए । नागरिकलाई सहज स्वास्थ्य सेवा प्रदान गर्न पालिकाले ३ वटा स्वास्थ्य इकाई सञ्चालन गरिरहेको छ । गाउँपालिकाका ५ वटै वडामा सुविधा सम्पन्न बर्थिङ सेन्टरसहितका स्वास्थ्य चौकी छन् । भौगोलिक हिसाबले अभ्प्यारो र आर्थिक अवस्था कमजोर भएका आफ्ना नागरिकलाई स्थानीय सरकारको अनुभूति दिलाउनका लागि पनि यो सेवा नियमित प्रदान गरिरहेको अध्यक्ष विकको भनाइ छ । गर्भवती र सुत्केरीका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिरहेको गाउँपालिकाले अन्य रोगी तथा बिरामीहरूका लागि पनि निश्चित शुल्क लिएर बागलुङ सदरमुकाम, पोखरा, काठमाडौं र देशका जुनकुनै अस्पतालमा पुर्‍याउँदै आएको विकले बताए ।

'डिजेलको मात्र निश्चित शुल्क लिएर अन्य बिरामीहरूलाई पनि सम्बन्धित अस्पताल पुर्‍याउँदै आएका छौं,' अध्यक्ष विकले भने, 'सवारी रिजर्भ गरेर अस्पताल पुर्‍याउँदा हुने ठूलो खर्चले नागरिकले उपचार गर्न पाएका छन् ।'

## जग्गा व्यवस्थापन समिति गठन

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्बर ७ मा खेलमैदान निर्माण गर्ने उद्देश्यले जग्गा व्यवस्थापन तथा समन्वय समिति गठन गरिएको छ ।

सामाजिक संस्था घुम्टे युवा परिवारको समन्वयमा आयोजित भेलाले खेलमैदान निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन, परामर्श तथा कानुनी प्रक्रिया अघि बढाउने निर्णय गर्दै ७ सदस्यीय समन्वय समिति गठन गरेको हो । घुम्टे युवा परिवारका अध्यक्ष जीवन साहानीको अध्यक्षतामा सम्पन्न भेलामा वडा नम्बर ७ का जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी तथा स्थानीय संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

भेलाले गलकोट नगरपालिका वडा नं. ७ स्थित बाहुमुरी कैनारखमा रहेको गुठीको जग्गा तथा आसपासका जग्गादाताहरूसँग आवश्यक परामर्श गरी खेलमैदान निर्माणको योजनालाई अघि बढाउने निर्णय गरेको छ । खेलमैदान निर्माणका लागि कुशुमी फार्म तथा सम्बन्धित जग्गादाताहरूसँग भेटघाट र छलफल गरी जग्गा व्यवस्थापनको प्रक्रिया तीव्र बनाइने जनाइएको छ ।

खेलमैदान निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन तथा कानुनी प्रक्रिया पूरा गर्न वडा अध्यक्ष राजबहादुर थापाको संयोजकत्वमा ७ सदस्यीय समन्वय समिति गठन गरिएको छ । समितिको सह-संयोजकमा गंगा बहादुर खड्का र वसन्त क्षेत्री तथा सदस्यहरूमा होम बहादुर बस्नेत, ज्ञान बहादुर थापा, दल बहादुर थापा र घुम्टे युवा परिवारका अध्यक्ष जीवन साहानी रहेका छन ।

स्थानीय स्तरमा खेलकुदको विकास, युवाको सहभागिता वृद्धि तथा खेलाडीहरूलाई नियमित अभ्यासका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने उद्देश्यले खेलमैदान निर्माणको पहल अघि बढाइएको हो । भेलामा सहभागी स्थानीय युवा, समाजसेवी तथा राजनीतिक दलका प्रतिनिधिहरूले खेलमैदान निर्माणका लागि आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाएका छन् ।

## वडा कार्यालयमा योजना सम्झौता

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ७ मल्ममा चालु आर्थिक वर्ष २०८३/८४ का वडा तथा नगरस्तरीय विकास आयोजनामध्ये करिब ८० प्रतिशत योजना सम्झौता भएका छन् । वडा कार्यालय मल्ममा आयोजित योजना सम्झौता कार्यक्रम मार्फत १३ वटा विकास योजनाको सम्झौता कार्य सम्पन्न भएको हो

वडा अध्यक्ष राजबहादुर थापाका अनुसार वडा तथा नगरस्तरबाट सञ्चालन हुने विकास आयोजनालाई समयमै कार्यान्वयनमा लैजाने उद्देश्यले योजना सम्झौता प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाइएको हो । उहाँले योजना सम्झौता समयमै सम्पन्न हुँदा निर्माण तथा विकासका कामलाई निर्धारित समयभित्रै सञ्चालन गर्न सहज हुने बताए । वडा कार्यालयले योजना कार्यान्वयनका क्रममा सहयोग तथा समन्वय गर्ने वडा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, टोल विकास संस्था संयोजक तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षप्रति धन्यवाद व्यक्त गरेको छ ।

वडा कार्यालयका अनुसार बाँकी योजनाहरूको समेत सम्झौता प्रक्रिया अघि बढिरहेको छ । योजना सम्झौता सम्पन्न भएसँगै चालु आर्थिक वर्षमा वडा नं. ७ मा पूर्वाधार विकास तथा अन्य लक्षित कार्यक्रम कार्यान्वयनले गति लिने अपेक्षा गरिएको छ ।

योजना सम्झौता कार्यक्रममा गलकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर जि.सी., गलकोट नगरपालिकाका कर्मचारी कमल सापकोटा, नवीन चालिसे, सरस्वती थापा के.सी. तथा प्राविधिक मनोज चौधरीले सहजीकरण गरेका थिए ।

**गलकोटमा...**

विनियोजन गरेको बजेट तथा सञ्चालन गरेका कार्यक्रमबाट केही सन्तोषजनक नतिजा हासिल गर्न सफल भएको बताए ।

कार्यक्रममा गलकोट नगरपालिका शिक्षा समिति सदस्य टंक बहादुर के.सी. जनजागृती माध्यमिक विद्यालयका प्रधानाध्यापक तेजिन्द्र बुढाथोकीले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको अवसरमा शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयतर्फ कक्षा ८ मा उत्कृष्ट औषत जि.पि.ए ल्याउने शिक्षक शिव माध्यमिक विद्यालयका हरि प्रसाद चालिसे, प्रगती आधारभुत विद्यालयमा रिमा सापकोटा, सुनिता वाग्ले, चमुवा आधारभुत विद्यालयका नविन भट्ट, रेशम खत्री, पार्वती माध्यमिक विद्यालयका दिलिप प्रसाद पाण्डेलाई सम्मान गरिएको थियो ।

संस्थागत विद्यालयतर्फ एकता सेकेन्डरी बोर्डिङ स्कुलका गोमा राना, नम्रता बुढाथोकी, द्रोण कार्की, एरा मदरल्याण्ड बोर्डिङ स्कुलका लक्ष्मणराज जोशी, गोल्डेन फ्युचर सेकेन्डरी बोर्डिङ स्कुलका चुडामणी शर्मा, दिवा बि.क, सम्बुद्ध एजुकेशन एकेडेमीका राजन बुढाथोकीलाई सम्मान गरिएको थियो ।

सामुदायिक विद्यालय तर्फ शैक्षिक सत्र २०८२ मा कक्षा १० तर्फ आफ्नो विषयमा उत्कृष्ट औषत जि.पि.ए ल्याउनुहुने शिक्षक शिव माध्यमिक विद्यालयका प्रकाश शर्मा, ईश्वरदत्त जोशी, रोशन बोहोरा, पुष्कर सापकोटा, गणेशराज भट्ट, रत्नलक्ष्मी माध्यमिक विद्यालयका मिलन सुवेदी, पार्वती माध्यमिक विद्यालयका दिलिप प्रसाद पाण्डे, पाण्डवखानी माध्यमिक विद्यालयका राम प्रसाद रिजाल, जनहित माध्यमिक विद्यालयका देब बहादुर खत्रीलाई सम्मान गरिएको थियो ।

संस्थागत तर्फ एरा मदरल्याण्ड बोर्डिङ स्कुलका अमृता पुन श्रीस, दिपकराज सापकोटा, संघर्ष पुन, लक्ष्मणराज जोशी, भगवान के.सी, न्यू लाईफ सेकेन्डरी बोर्डिङ स्कुलका सजिव कुमार यादव, गोल्डेन फ्युचर सेकेन्डरी बोर्डिङ स्कुलका मिलन चालीसे, अमृता खत्री, सुरेन्द्र यादवलाई सम्मान गरिएको थियो । कक्षा १२ अन्तर्गत सामुदायिक विद्यालयतर्फ चौराहा माध्यमिक विद्यालयका गोविन्द प्रसाद शर्मा, प्रमिला खत्री, रत्नलक्ष्मी माध्यमिक विद्यालयका बोमकान्त गौतम, होम बहादुर पुन, दिपक पौडेल, जनजागृती माध्यमिक विद्यालयका डिल्लि प्रसाद खरेल, मानसिंह थापालाई सम्मान गरिएको थियो ।

शैक्षिक सत्र २०८२ को कक्षा ८, १० र १२ को वार्षिक परीक्षामा ३.२ वा सो भन्दा बढी जि.पि.ए ल्याउने सरस्वती माध्यमिक विद्यालयका १, चौराहा माध्यमिक विद्यालयका ३, पृथ्वी माध्यमिक विद्यालयका १, महेन्द्र माध्यमिक विद्यालयका २, गलकोट माध्यमिक विद्यालयका ११, न्यू लाईफ सेकेन्डरी बोर्डिङ स्कुलका ९, जनजागृति माध्यमिक विद्यालयका ४ र रत्नलक्ष्मी माध्यमिक विद्यालयका १ जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

सामुदायिक विद्यालयतर्फ उत्कृष्ट नतिजा ल्याउन सफल रत्नलक्ष्मी माध्यमिक विद्यालय र उत्कृष्ट औसत जि.पि.ए ल्याउन सफल जनजागृति माध्यमिक विद्यालयलाई समेत सम्मान गरिएको थियो । कार्यक्रमको अवसरमा आयोजना गरिएको शिक्षक डिजिटल क्वीज प्रतियोगितामा शिव माध्यमिक विद्यालय प्रथम, खरुवा माध्यमिक विद्यालय द्वितिय र पाण्डवखानी माध्यमिक विद्यालय तृतिय भएका छन् ।

जिल्ला स्तरिय वक्तृत्वकला प्रतियोगितामा सहभागि भई प्रथम हुन सफल भैरव माध्यमिक विद्यालयका समिर गौतमलाई सम्मान गरिएको थियो भने गलकोट नगरपालिकाको टिकटक प्रतियोगितामा सहभागि भई उत्कृष्ट टिकटक भिडियो बनाउने गलकोट नगरपालिका ४ का विनोद खड्कालाई सम्मान गरिएको थियो ।

कार्यक्रम गलकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बर बहादुर जिसीको अध्यक्षता, गलकोट नगरपालिका सामाजिक विकास समितिका संयोजक हिम बहादुर भण्डारीको स्वागत र शिक्षा अधिकृत शिव खड्काको सञ्चालनमा सम्पन्न भएको थियो ।

**नेपाली...**

कार्यक्रम नेपाली काग्रेस गलकोट नगरपालिका ३ का वडा सभापति नन्दराज शर्माको अध्यक्षता, वडा उपसभापति रविन बोहोराको स्वागत र वडा सचिव भ्रहर बहादुर खत्रीको सञ्चालनमा सम्पन्न भएको थियो ।

अधिवेशनले भ्रहर बहादुर खत्रीको अध्यक्षतामा ७ सदस्यीय वडा कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ । समितिको उपसभापतिमा बेल बहादुर बोहोरा, मेघा गौतम, सचिवमा राजन साहानी रहेका छन ।

नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. ४ मा १५ औं वडा अधिवेशन सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. ४ का पूर्व वडा सभापति ओम बहादुर भण्डारीले पार्टीका क्रियाशिल सदस्यहरु पार्टीको नितिनियममा बसी एकढिक्का भएर जानुपर्ने बताएका थिए ।

अधिवेशनको अवसरमा खुम प्रसाद न्यौपानेको सभापतित्वमा १७ सदस्यीय वडा समिति गठन गरिएको छ ।

समितिको उपसभापतिमा ईश्वरी न्यौपाने, धनप्रसाद सुवेदी, सचिवमा दोर्णराज पौडेल, कोषाध्यक्षमा कृष्णराज सुवेदी रहेका छन ।

कार्यक्रम नेपाली कांग्रेस गलकोट नगरपालिका ४ का वडा सभापति खुम प्रसाद न्यौपानेको अध्यक्षता, उपसभापति कृष्ण भण्डारीको स्वागत र सचिव दोर्णराज पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो । नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. ९ मा वडा अधिवेशन तथा वडा कार्यसमिति चयन कार्यक्रम सम्पन्न भएको छ ।

अधिवेशनले लक्ष्मण गौतमको सभापतित्वमा वडा कार्य समिति गठन गरेको छ ।

नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. १० पाण्डवखानीमा वडा अधिवेशन तथा वडा कार्यसमिति चयन कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि तथा पूर्वसंविधानसभा सदस्य निरज पुनले गाउँमा बसोबास गर्ने जनसमुदायहरुबीच एकता हुनुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेस जनताको दुःखसुखको साँचो साथी भएको उल्लेख गर्दै उनले गाउँका कुनै पनि समुदायलाई भ्रममा नपारी एकजुट हुनका लागि आग्रह गरेका थिए ।।

कार्यक्रममा क्रियाशील सदस्य नवीन राना, निवर्तमान वडा सदस्य धनबहादुर सुनार, समाजसेवी मानसिंह छन्त्याल, जिल्ला सदस्य रामप्रसाद विक र पूर्व जनप्रतिनिधि राधिका पुन लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

अधिवेशनले गंगा बहादुर घर्तीको सभापतित्वमा २५ सदस्यीय नयाँ वडा कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

समितिको उपसभापतिमा ओमबहादुर बुढा, महिला उपसभापतिमा रुणमाया पुन, सचिवमा राधिका श्रीस, सहसचिवमा राजेश विक रहेका छन । महाधिवेशनका लागि सभापतिसहित खुला, समानुपातिक, अपाङ्ग, दलित, पेसागत श्रमिक र द्वन्द्वपीडित क्षेत्रबाट २४ जना क्षेत्रीय प्रतिनिधिहरू समेत सर्वसम्मत रुपमा चयन भएका छन् । कार्यक्रम नेपाली कांग्रेस वडा नं. १० का कार्यवाहक सभापति दीप घर्तीको सभापतित्व क्रियाशील सदस्य तथा वडा अध्यक्ष भक्त बहादुर काउचाको स्वागत र क्षेत्र नम्बर २(क) का सभापति तिलक घर्तीको संचालनमा सम्पन्न भएको थियो । नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. १ मा वडा अधिवेशन तथा वडा कार्यसमिति चयन कार्यक्रम सम्पन्न भएको छ ।

अधिवेशनले ईश्वर बुढाथोकीको सभापतित्वमा वडा कार्य समिति गठन गरेको छ ।

नेपाली कांग्रेस गलकोट नगरपालिका वडा नं. ११ मा वडा अधिवेशन तथा वडा कार्यसमिति चयन कार्यक्रम सम्पन्न भएको छ ।

अधिवेशनले टीकाराम श्रीसको सभापतित्वमा वडा कार्य समिति गठन गरेको छ ।

**संविधानको...**

गरेर इतिहासको दराजमा थन्क्याउनु पर्छ । समयसँगै जनसङ्ख्याको वितरण, बसाइँसराइ, आर्थिक केन्द्र, सामाजिक संरचना र राजनीतिक चेतना परिवर्तन भएका छन् । त्यसैले विगतका निष्कर्षलाई आजको तथ्य र आवश्यकतासँग तुलना गरेर पुनर्मूल्याङ्कन गर्नु बढी उपयुक्त हुन्छ ।

यसै सन्दर्भमा सरकारले गठन गरेको सवैधानिक सुझाव आयोगको भूमिका महत्वपूर्ण बन्न सक्छ । आयोगलाई केवल संविधान संशोधनका प्राविधिक सुझाव सङ्कलन गर्ने निकायमा सीमित नराखी राज्य पुनर्संरचनाका मूल प्रश्नमा राष्ट्रिय संवादको आधार तयार गर्ने जिम्मेवारी दिनु पर्छ । सङ्घीयता कार्यान्वयन, प्रतिनिधित्व, निर्वाचन प्रणाली, प्रदेशको अधिकार, प्रदेश सीमाङ्कन, समावेशी तथा केन्द्र–प्रदेश सम्बन्धका विषयमा आयोगले तथ्यमा आधारित अध्ययन र व्यापक परामर्श अघि बढाउन सक्छ । यस प्रक्रियामा सबैभन्दा महत्वपूर्ण कुरा असन्तुष्टिलाई समस्या मात्र नठानी त्यसको कारण पहिचान गर्नु हो । कुनै क्षेत्र, जाति, समुदाय वा समूहबाट उठेको आवाजलाई राष्ट्रविरोधी, विखण्डनकारी वा बाह्य प्रभावको परिणाम भनेर तत्काल खारेज गर्दा समस्या समाधान हुँदैन । त्यस्तै प्रत्येक मागलाई जातीय वा क्षेत्रीय चस्माबाट मात्र हेर्दा राष्ट्रिय साझा हित ओझेलमा पर्न सक्छ । नेपालका लागि उपयुक्त बाटो यी दुई अतिबिचको लोकतान्त्रिक मार्ग हो । असहमतिको सम्मान, तथ्यको परीक्षण, सवैधानिक संवाद र राष्ट्रिय सहमति । यसरी हेर्दा अहिलेको परिवर्तन पनि केवल राजनीतिक नेतृत्व परिवर्तनको चाहना मात्र होइन । यसभित्र शासनको पुरानो शैलीप्रतिको असन्तुष्टि, जवाफदेहिताको माग, प्रतिनिधित्वको पुनर्विचार, अवसरमा समानताको चाहना र राज्यको शक्ति संरचनालाई नयाँ ढङ्गले व्यवस्थित गर्नुपर्ने आग्रहसमेत अन्तर्निहित छ ।

यही कारणले वर्तमान परिवेशलाई राज्य पुनर्संरचनाको सम्भावित नयाँ अध्यायका रुपमा लिन सकिन्छ तर राज्य पुनर्संरचना भनेको कसले सत्ताको शीर्ष ठाउँमा पुग्ने भन्ने प्रश्न मात्र होइन । व्यक्ति वा नेतृत्व परिवर्तनले मात्र राज्यको चरित्र परिवर्तन गर्दैन ।

राज्यको संरचना, अधिकारको बाँडफाँट, प्रतिनिधित्वको प्रणाली र निर्णय प्रक्रियामा आवश्यक सुधार हुन सकेन भने नयाँ नेतृत्वबाट मात्र दीर्घकालीन असन्तुष्टि समाधान हुन सक्दैन । त्यसैले अबको बहस 'कसको शासन ?' भन्दा 'कस्तो शासन ?' भन्ने प्रश्नमा केन्द्रित हुनु पर्छ । समावेशी लोकतन्त्रको उद्देश्य प्रत्येक समुदायलाई पालैपालो सत्ताको शीर्ष ठाउँमा पुर्‍याउनु मात्र होइन! राज्यका संस्था नै यति न्यायपूर्ण, उत्तरदायी र प्रतिनिधिमूलक बनाउनु हो कि कुनै नागरिकले आफ्नो अधिकार र सम्मान सुरक्षित गर्न केवल आफ्नो समुदायको राजनीतिक संरक्षक खोज्नुपर्ने अवस्था नहोस् । नेपालको राजनीतिक स्थायित्व पनि यही आधारमा बलियो हुन सक्छ । विकासले जीवनस्तर सुधार्छ, सुशासनले राज्यप्रतिको भरोसा बढाउँछ र न्यायपूर्ण प्रतिनिधित्वले नागरिकको स्वामित्वबोध गहिरो बनाउँछ । यीमध्ये कुनै एउटाले अर्कोको स्थान लिन सक्दैन! तिनै पक्ष परस्पर पूरक हुन् ।

**सुधारको साहस**

संविधान दिवसले हामीलाई यही आधारभूत प्रश्नतर्फ फर्काउँछ । संविधानले परिकल्पना गरेको समावेशी राज्य नागरिकले व्यवहारमा कति अनुभूत गरेका छन् ? जहाँ कमी छ, त्यहाँ सुधारको बाटो खोज्नु संविधानप्रतिको कमजोरी होइन! संविधानको मर्मप्रतिको निष्ठा हो । राज्यको स्थायित्व मौनताबाट होइन, नागरिकको विश्वासबाट निर्माण हुन्छ । त्यो विश्वास विकासले बलियो बनाउँछ, सुशासनले टिकाउँछ र न्यायपूर्ण प्रतिनिधित्वले गहिरो बनाउँछ । त्यसैले अबको आवश्यकता विगतका असन्तुष्टिलाई दोहोऱ्याउनु होइन! तिनबाट सिकेर यस्तो राज्य निर्माण गर्नु हो! जहाँ अधिकार र सम्मानका लागि नागरिकले आफ्नो पहिचानका आधारमा छुट्टै ढोका खोजिरहन नपरोस् । यही नै संविधानको गतिशीलता, सङ्घीयताको सार र नेपालको समावेशी लोकतन्त्रको वास्तविक परीक्षा हो । शाभारः गोरखापत्र

**न्यू लाइफमा...**

आधारभूत विद्यालय गलकोट नगरपालिका वडा नम्वर ७ सान्त्वना भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना हुने विद्यालयका विद्यार्थीलाई नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा स्वर्गीय निकेश चन्द्र चोखाल (निवेश) को तस्वीरमा माल्यार्पण गरी उहाँको स्मरण समेत गरिएको थियो । कार्यक्रम न्यू लाइफ आवासीय माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष घनश्याम शर्माको अध्यक्षता, विद्यालयका प्रधानाध्यापक वीर बहादुर बोहोरा क्षेत्रीको स्वागत तथा शिक्षक सुदीप बास्तोलाको सञ्चालनमा सम्पन्न भएको थियो ।

निकेश चन्द्र चोखाल (निवेश) को वि.सं. २०६६ भदौ ३१ गते प्रथम त्रैमासिक परीक्षाअन्तर्गत कक्षा ६ को गणित विषयको परीक्षा दिएर घर फर्कने क्रममा दरमखोलामा पौडी खेल्दै गर्दा खोलाले बगाएर निधन भएको थियो । उनको स्मृतिमा विद्यालयले हरेक वर्ष हाजिरीजवाफ प्रतियोगिता आयोजना गर्दै आएको छ ।

**उद्योग...**

कार्यक्रममा गलकोट उद्योग वाणिज्य संघका अध्यक्ष ढालिन्द्र प्रसाद गौतमले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै संघले गलकोट क्षेत्रको उद्योग, व्यापार तथा व्यवसायको विकाससँगै व्यवसायीका हकहित र स्थानीय आर्थिक गतिविधि प्रवर्द्धनमा निरन्तर काम गर्दै आएको बताए । कार्यक्रममा बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजन कुमार शाक्य, गलकोट उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष वीरेन्द्र श्रेष्ठ र संस्थापक सदस्य मञ्जु शर्मा चालिसेले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम गलकोट उद्योग वाणिज्य संघका अध्यक्ष ढालिन्द्र प्रसाद गौतमको अध्यक्षता, उपाध्यक्ष कौशिला घर्ती मगरको स्वागत र महासचिव श्यामसुन्दर श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको हो ।

# सिद्धेश्वर शिवालयको बैठक

गलकोटपत्र/हटिया

सिद्धेश्वर शिवालय सेवा समिति गलकोट नगरपालिका वडा नं. ७ को बैठक सम्पन्न भएको छ ।

बैठकमा शिवालय मन्दिर मन्दिर पुन निर्माणको लागि झम बहादुर थापाको अध्यक्षतामा ९ सदस्यीय निर्माण समिति गठन गरिएको छ ।

गलकोट नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राज बहादुर थापाको संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति, खिम बहादुर खड्काको संयोजकत्वमा ७ सदस्यीय आर्थिक उपसमिति, गठन गरिएको छ ।

बैठकले शिव मन्दिर पुन निर्माणको लागि १० हजार भन्दा बढि सहयोग गर्ने सहयोगदाताको नाम मन्दिरमा शिलालेख निर्माण गरी अभिलेख राख्ने निर्णय गरेको छ । बैठक सिद्धेश्वर शिवालय सेवा समितिका अध्यक्ष ज्ञान बहादुर थापाको अध्यक्षता र सहसचिव मिन बहादुर थापाको सञ्चालनमा सम्पन्न भएको थियो ।

# सिटी एक्सप्रेसको साधारण सभा

गलकोटपत्र/हटिया

सिटी एक्सप्रेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सेवा केन्द्रअन्तर्गत गलकोट इकाई १ को १७ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ

सभामा गलकोट नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष रामप्रसाद कडँलले सहकारी संस्थाहरुले स्थानीयस्तरमा आर्थिक गतिविधि चलायमान बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ । उहाँले सहकारीले शेयर सदस्यको आर्थिक अवस्था सुधारसँगै बचत गर्ने बानीको विकास, उद्यमशीलता प्रवर्द्धन तथा आवश्यकताका आधारमा कर्जा प्रवाहमार्फत सदस्यलाई आत्मनिर्भर बनाउन योगदान पुऱ्याउनुपर्ने धारणा राखेका थिए ।

वडा अध्यक्ष कडँलले सहकारीको आर्थिक कारोबारलाई पारदर्शी, व्यवस्थित र सदस्यकेन्द्रित बनाउनुपर्नेमा जोड दिँदै संस्थाको पूँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न सके त्यसबाट शेयर सदस्यसँगै समग्र स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने बताए । सहकारीप्रति शेयर सदस्यको विश्वास कायम राख्दै संस्थाले आगामी दिनमा अझ प्रभावकारी सेवा विस्तार गर्नुपर्ने उनको भनाइ थियो ।

सभामा संस्थाको हालसम्मको कुल शेयर पुँजी ५ करोड २२ लाख ८७ हजार ७ सय रुपैयाँ पुगेको जानकारी गराइएको छ । त्यस्तै, संस्थामा ५२ करोड ६६ लाख ८७ हजार २ सय १५ रुपैयाँ ८१ पैसा बचत रहेको छ भने ४५ करोड ८७ लाख ४५ हजार ७ सय ४१ रुपैयाँ ५४ पैसा लगानी गरिएको छ । संस्थाका विभिन्न कोषमा १० करोड ६८ लाख ७९ हजार ७ सय ६१ रुपैयाँ रहेको जनाइएको छ ।

सभामा संस्थाका कोषाध्यक्ष हरिप्रसाद शर्मा वाग्लेले आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले संस्थाको आर्थिक अवस्था, बचत तथा लगानीलगायतका विषयमा प्रतिवेदनमार्फत जानकारी गराएका थिए । संस्थाका व्यवस्थापक रविलाल भुसालले प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले सञ्चालन गर्दै आएका गतिविधि तथा आगामी कार्ययोजनाबारे जानकारी गराएका थिए । सभामा शेयर सदस्य लालबहादुर खत्री र कालिका गैरेले शुभकामना मन्तव्य राखेका थिए । सभाले शेयर सदस्यहरुलाई १२ प्रतिशत बोनस प्रदान गर्ने प्रस्ताव समेत पारित गरेको छ

कार्यक्रम सिटी एक्सप्रेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कोषाध्यक्ष हरिप्रसाद शर्मा वाग्लेको अध्यक्षता, केन्द्रीय कार्यालयका व्यवस्थापक रविलाल भुसालको स्वागत तथा गलकोट सेवा केन्द्रका प्रमुख वीरेन्द्र श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको हो ।

# खेती योग्य जमिनमा आवास

गलकोटपत्र/हटिया

गलकोटका खेतीयोग्य जमिनहरुमा अहिले आवासका लागि कंक्रिटका घरबनि रहेका छन ।

उर्वर फाँट मासिँदै गएपछि खेतीयोग्य जमिन घटेको छ भने आयातित खाद्यान्न र वैदेशिक रोजगारीमा निर्भरता बढेको छ । गलकोटको पुरानो उत्पादनमुखी जीवनशैली आधुनिक विकास प्रभावित भएको छ । तत्कालीन शक्तिशाली चौबिसे राज्यको मुकाम रहेको कोतघरमा अहिले पुराना हतियार सुरक्षित छन्। तत्कालीन गलकोटे राजाले त्यहीँबाट शासन गर्थे। कोतघर रहेको पाखोबाट सिंगो गलकोट उपत्यका देखिन्थ्यो। उत्पादन नहुने जमिनमा दरबार बनाउने र उर्वर जमिन खेतीका लागि छुट्याउने तत्कालीन सोच अहिलेको अवस्थासँग तुलना गर्दा झन् सहरीकरणको दबाबमा क्रमशः हराउँदै गएको छ।

गलकोटका अन्तिम राजा भरतबम मल्लले विसं १९९० मा हालको हरिचौर बजारमा दरबार बनाएर सरेको इतिहास छ। त्यसभन्दा अघि राजपरिवार विभिन्न स्थान हुँदै श्रृद्धाखेत पुगेको थियो। तत्कालीन गलकोटमा लेक, मध्यम र औलअनुसार बसाइ र खेतीको व्यवस्था थियो। फाँटमा धान र गहुँ तथा मध्यम क्षेत्रमा मकै र कोदो उत्पादन हुन्थ्यो। माथिल्लो बस्तीमा जौ, उवा, आलु र भाँगो लगाइन्थ्यो।

प्राध्यापक डा. दिनबहादुर थापाका अनुसार गलकोटमा पहिले तीन बालीसम्म खेती हुन्थ्यो। अहिले कतिपय स्थानमा मुस्किलले एक बाली मात्र हुने गरेको छ। उत्पादन घट्नुमा खेतीयोग्य जमिनमा घर निर्माण, जग्गा खण्डीकरण र कृषि प्रणालीमा आएको परिवर्तन प्रमुख कारण बनेका छन्।

गलकोटका हटिया, हरिचौर, चरौंदी फाँट, मल्म र काँडेवासका खेतीयोग्य क्षेत्र तीव्र रुपमा बजारमा परिणत भइरहेका छन्। कुनै समय धानका बाला झुल्ने चरौँदी फाँटमा अहिले घरका संरचना थपिँदै छन्। नगरपालिकाको प्रशासकीय भवनसमेत फाँटमै निर्माण भइरहेको छ। सडक विस्तारसँगै सडक मापदण्ड मिचेर घर निर्माण हुने क्रम बढेको स्थानीयको गुनासो छ। कतिपय संरचना नक्सापासबिनै बनेका छन् भने भवन निर्माण संहिताको पालनासमेत कमजोर देखिन्छ।

गलकोटमा वस्तु विनिमय प्रणालीसमेत प्रचलनमा थियो। थापाका अनुसार विसं २०४५ सम्म स्थानीय उत्पादनसँग स्थानीय आवश्यकताको आदानप्रदान हुने गरेको थियो। गलकोटेले धान, मकै, कोदो, उवा, भाँगो, घिउजस्ता वस्तु बिक्री गरेर नुन, तेल र कपडा खरिद गर्थे। अहिले अवस्था उल्टिएको छ। भारतबाट आउने तेलदेखि बाहिरबाट आयातित खाद्यान्नसम्ममा निर्भरता बढेको छ।

पूर्ववडाध्यक्ष नारायणध्वज मल्लका अनुसार पहिले लेक र औलबीचको उत्पादन प्रणालीले जोखिम घटाउँथ्यो। भेडाबाख्रा तथा गाईभैंसी पालनबाट दूध र घिउ उत्पादन हुन्थ्यो। अहिले नगद आम्दानीबिना दैनिक जीवन चलाउन कठिन भएको छ। वैदेशिक रोजगारीबाट आएको रकम घडेरी, घर र उपभोग्य वस्तुमा बढी खर्च हुँदा स्थानीय उत्पादनमा लगानी घटेको स्थानीयको अनुभव छ।

कृषि ज्ञान केन्द्रका अनुसार सहरी क्षेत्र विस्तारसँगै गलकोटको कृषि उत्पादकत्व घटेको छ। रासायनिक मलको प्रयोगले माटोको गुणस्तरमा असर परेको र खेती गर्ने जमिन घरले ढाकिँदै गएको बताइएको छ। स्थानीय उत्पादन घटेपछि बाहिरबाट खाद्यान्न ल्याएर भण्डारण तथा बिक्री गर्ने प्रवृत्ति बढेको छ। गलकोटको पहिचान घुम्टे, दरमखोला, 'गलकोत', भाषा, गीत–संगीत, संस्कार र परम्परासँग जोडिएको छ। ऐतिहासिक कोतघरमा अहिले पनि दशैंमा पूजा, बलि र मेला लाग्छ। तर भौतिक विकाससँगै उत्पादन र मौलिक जीवनशैली कमजोर बन्दै गएको छ।

राजारजौटा व्यवस्थाको अन्त्यसँगै आधुनिक राजनीतिक यात्रामा प्रवेश गरेको गलकोटले विकासमा फड्को मारे पनि आफ्नो कृषि आधार जोगाउन सकेको छैन।

विदेशमा रहेका गलकोटेले गाउँको विकासमा आर्थिक सहयोग गरिरहेका छन्। तर आत्मनिर्भर गलकोटको पुरानो विरासत जोगाउन खेतीयोग्य फाँट, स्थानीय उत्पादन र मौलिक कृषि प्रणाली संरक्षण गर्नु अबको मुख्य चुनौती बनेको छ।

# घुम्टेमा वि.व्य.स. गठन

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ५ स्थित घुम्टे आधारभूत विद्यालयमा नयाँ विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ । विद्यालयमा आयोजित एक कार्यक्रमबीच तोपनारायण खत्रीको अध्यक्षतामा ७ सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरिएको हो । नवगठित समितिको सदस्यमा लिला कडेल, अनिल नेपाली र ज्योति बस्नेत, शिक्षक प्रतिनिधिमा जानकी बुढाथोकी र सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक खैसरा साहानी बस्नेत रहेका छन । त्यसैगरी विद्यालयमा खडक बहादुर कार्कीको संयोजकत्वमा शिक्षक–अभिभावक संघसमेत गठन गरिएको छ । शिक्षक–अभिभावक संघको सदस्यमा कृष्ण बहादुर खत्री, देवी खत्री, निर्मला रोका, गुमा कार्की, जुना बस्नेत र दिपक गौतम रहेका छन । शिक्षक प्रतिनिधिमा बाटुला ढकाल चयन भएको विद्यालयका सूचना अधिकारी सम्झना थापाले जानकारी दिइन ।

कार्यक्रममा गलकोट नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष पवन हमालले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा समुदायबीचको सहकार्य महत्वपूर्ण हुने बताए । उनले विद्यालयको समग्र विकासका लागि सबै पक्ष जिम्मेवार भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

विद्यालयमा गठन भएका दुवै समितिले विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षको सुधारमा सहकार्य गर्ने अपेक्षा गरिएको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक संघले विद्यालय र अभिभावकबीचको सम्बन्ध थप सुदृढ बनाउँदै विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिमा भूमिका खेल्ने विद्यालयले जनाएको छ ।

शिक्षा नियमावलीको दशौँ संशोधनअनुसार विद्यालय व्यवस्थापन समिति तथा शिक्षक–अभिभावक संघ गठन गरिएको विद्यालयले जनाएको छ । कार्यक्रम ज्येष्ठ नागरिक यमबहादुर बस्नेतको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक खैसरा साहानी बस्नेतको सञ्चालनमा सम्पन्न भएको थियो ।

# यात्रु प्रतिक्षालयमा पिउने पानी

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं ३ हटिया बजार जीपपार्कस्थित यात्रु प्रतिक्षालयमा आम नागरिकको सहजताका लागि पिउने पानीको व्यवस्था गरिएको छ । सामाजिक तथा परोपकारी भावनालाई आत्मसाथ गर्दै गलकोट नगरपालिका–८ पचुवा निवासी यातायात व्यवसायी प्रेम बहादुर सुनारका सुपुत्र प्रकाश सुनारले उक्त स्थानमा स्ट्याण्ड सहितको पिउने पानीको धारा र जार सौजन्य गरेका हुन । विशेषगरी कुशे औंशी अर्थात बुबाको मुख हेर्ने दिनको सुखद अवसर पारेर यो परोपकारी सहयोग गरिएको हो । दैनिक रुपमा सयौं यात्रु तथा सर्वसाधारणको आवतजावत हुने र भीडभाड हुने यस सार्वजनिक स्थलमा पिउने पानीको सुविधा नहुँदा नागरिकले सास्ती भोग्दै आएका नगरवासी तथा यात्रुहरुका लागि यो कार्य निकै राहतपूर्ण बनेको छ । आफ्नो व्यक्तिगत पहल र परोपकारी सोचबाट सार्वजनिक स्थानमा तिर्खाएका बटुवाहरूका लागि शुद्ध पिउने पानीको प्रबन्ध मिलाएर प्रकाश सुनारले समाजमा एक अनुकरणीय र सकारात्मक सन्देश प्रवाह गरेका हुन ।

चाडपर्वका बेला गरिने यस्ता रचनात्मक र मानवीय कार्यले सामाजिक उत्तरदायित्व र आपसी सहयोगको भावनालाई थप प्रगाढ बनाउने विश्वास गरिएको छ । स्थानीय बासिन्दा तथा यातायात व्यवसायीहरूले उहाँको यस उदार कार्यप्रति खुला प्रशंसा गर्दै हार्दिक धन्यवाद ज्ञापन गरेका छन् ।

# साहित्य सिर्जना

## आत्मसात

– अमृत घर्ती मगर

सुन्दर दृश्यावलोकन
जीवन र जगतको गर्न सकिने
सचेत र मनमोहक बन्न सकिने
आफू,पशु र पंक्षी सुरक्षित
रहने र रहिरहने
स्वस्थ र मनोरम वातावरणलाई
पिठ फर्काएर
भञ्ज्याङ र खर्कसँग सम्बन्ध
विच्छेद गरी
डोका,डाला र नाम्ला फालेर
खोलाको छेउमा घर बनाए
खोलाले माया मानि
बचेका अनि बचाएका अभेद्य चट्टान
उधिनेर विल्डिङ घर ठड्याए
आफ्नै जगतको जग खलबलाए
त्यै खोलाको गिट्टी बालुवा सोहोरेर
लिप लाप र छोपछाप पारे
अहिले खोलाले बगायो भन्छन्
महाप्रलय भएको ठान्छन्
समुद्रको ग्यास ओसारेर
हिमालको जरा जरामा बाले
अहिले पृथ्वी तात्यो भन्छन्
भेडी,च्याङ्रा र चौरी
रम्ने रमाउँने
बुकी र पाटनमा डढेलो लाएर
हिमाल कालो र चुर बनाए
वर्षौं भरी सेता दन्त लहर पारी
हाँसिरहने हिमाल रिसाउँदा
खोलो बौलाए
के हुँदो रैछ
मानव सभ्यताको जननी
खोलाको किनार भासिदा
के हुदो रैछ
मानवलाई आश्रय मात्र नभएर
प्राण प्रदान गरिरहने
के हो त्यस्तो चिज
निर्मम बनिदिदा
के हुदो रहेछ
राम ! राम ! हैन
भएर पो के भो ठण्डाराम
प्रकृतिले पढाएको पाठ
विद्रोह र विध्वंशले दिएको शिक्षा
माथ हैन
अब गर्नै पर्छ
आत्मसात ।

# टेउवामा श्रद्धाञ्जली कार्यक्रम

गलकोटपत्र/हटिया

गलकोट सुतरा कार्की समाज र जनजागृति माध्यमिक विद्यालय गलकोट नगरापलिका वडा नं. ८ काँडेवासको संयुक्त आयोजनामा गलकोट नगरपालिका -५ टेउवामा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

गलकोट सुतरा कार्की समाजका सदस्य तथा जनजागृति माध्यमिक विद्यालय काँडेवासका शिक्षक अभिभावक संघका सदस्य मिना कार्कीका ससुरा बुवा तेज बहादुर कार्कीको सातौ दिनको पूण्य तिथिको अवसरमा श्रद्धाञ्जली सभा सम्पन्न भएको हो ।

श्रद्धाञ्जली कार्यक्रममा बोल्दै गलकोट सुतरा कार्की समाजका सचिव टम बहादुर कार्कीले समाजसेवी तेज बहादुर कार्कीको निधनले समाजलाई अपुरणीय क्षति भएको बताउनुभयो ।

कार्यक्रममा सुतरा कार्कीका जेष्ठ सदस्य खडक बहादुर कार्की र जनजागृति माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका कार्यवहाक अध्यक्ष भविलाल गौतमले परिवारलाई समवेदना पत्र हस्तान्तरण गरेका थिए ।

श्रद्धाञ्जली सभा गलकोट सुतरा कारकि समाजका सचिव टम बहादुर कार्की र जनजागृति माध्यमिक विद्यालयका प्रधानाध्यापक तेजेन्द्र बुढाथोकीको सञ्चालनमा सम्पन्न भएको थियो । कार्कीको भदौ २८ गते ६५ वर्षको उमेरमा निधन भएको थियो ।

# हरिचौरमा श्रद्धाञ्जली सभा

गलकोटपत्र/हटिया

चोखाल बन्धु समाज गलकोट बागलुङको आयोजनामा गलकोट नगरपालिका वडा नं. ५ हरिचौरमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

चोखाल बन्धु समाजका सदस्य ताराखोला गाउँपालिका वडा नं. ४ स्थाई घर भई हाल गलकोट नगरपालिका वडा नं. ५ हरिचौर निवासी जंग बहादुर चोखालको पाचौँ दिनको पूण्य तिथिको अवसरमा श्रद्धाञ्जली सभा सम्पन्न भएको हो ।

कार्यक्रममा श्रद्धाञ्जली पत्र हस्तान्तरण गर्दै चोखाल बन्धु समाज गलकोटका अध्यक्ष वीर बहादुर चोखालले स्वर्गीय जंग बहादुर चोखालले समाजमा दिनुभएको योगदानको चर्चा गर्दै परिवारप्रति समवेदना प्रकट गरेका थिए ।

उक्त अवसरमा चोखाल बन्धु समाजका पूर्व अध्यक्ष कर्ण बहादुर चोखाल, उपाध्यक्ष भिम बहादुर चोखाल, महासचिव भिम बहादुर चोखाल, सचिव कमल चोखाल लगायतले श्रद्धाञ्जली मन्तव्य राखेका थिए ।

कार्यक्रम चोखाल बन्धु समाज गलकोटका अध्यक्ष वीर बहादुर चोखालको अध्यक्षता र महासचिव भिम बहादुर चोखालको सञ्चालनमा सम्पन्न भएको थियो ।

स्वर्गीय चोखालको गत भदौ २५ गते ५५ वर्षको उमेरमा निधन भएको थियो ।

# हिस्टुन गलकोट गठन

गलकोटपत्र/हटिया

साविक उच्च माध्यमिक विद्यालयमा कार्यरत माध्यमिक विद्यालय शिक्षकहरूको संगठन माध्यमिक विद्यालय शिक्षक युनियन (हिस्तुन) गलकोट नगर समिति गठन गरिएको छ ।

ईश्वर गौतमको अध्यक्षतामा ११ सदस्यीय हिस्तुन गलकोट नगर समिति गठन गरिएको हो ।

नवगठित समितिको उपाध्यक्षमा रमेश खत्री, सचिवमा गोविन्दप्रसाद शर्मा, सहसचिवमा मानसिंह थापा र कोषाध्यक्षमा गणेशराज भट्ट, सदस्यहरूमा होमबहादुर केसी, पर्शुराम रेग्मी, निरव चौधरी, सागर गौतम, गणेश भण्डारी र दीपक पौडेल रहेका छन ।

झलक पाण्डेको संयोजकत्वमा ७ सदस्यीय सल्लाहकार समिति समेत गठन गरिएको छ । सल्लाहकार समितिको सदस्यहरूमा हरि चालिसे, खिमनाथ गौतम, छविलाल कार्की, भक्तबहादुर विष्ट, कलाधार कर्डेल र गोपाल शर्मा रहेका छन ।

नवगठित समितिले साविक उच्च माध्यमिक तहमा कार्यरत शिक्षकहरूको पेशागत हकहित, क्षमता विकास तथा शैक्षिक क्षेत्रमा देखिएका समस्या समाधानका लागि समन्वय र सहकार्य गर्दै अघि बढ्ने जनाएको छ ।

# प्रेस युनियन बागलुङको अधिवेशन

गलकोटपत्र/हटिया

नेपाल प्रेस युनियन बागलुङ शाखाको अध्यक्षमा पत्रकार सुवास आचार्य सर्वसम्मत चयन भएका छन ।

नेपाल प्रेस युनियन बागलुङ शाखाको २६औँ वार्षिक साधारणसभा तथा नवौँ अधिवेशनले आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा उषा पौडेल र छविलाल पाण्डेय, सचिवमा डम्मर बुढामगर, सह-सचिवमा नवराज नेपाली तथा कोषाध्यक्षमा जेनिसा नायर, सदस्यमा राजु शर्मा, कुशल कँडेल, सुरेश छन्त्याल, तिलक मल्ल र भूमा तरामी मगर चयन भएका छन । संघीय महाधिवेशन प्रतिनिधिमा जगन्नाथ आचार्य, ज्ञानेन्द्र गौतम, श्रीधर कँडेल, नरेश कँडेल, नारायण रिजाल, संगम घर्तीमगर, सुवासराज पन्त, कृष्ण आचार्य, शकुन्तला शर्मा र अनिता पन्त , प्रदेश महाधिवेशन प्रतिनिधिमा प्रकाश बराल, धनराज सापकोटा, नारायण पौडेल, गणेश नेपाली, त्रिलोचन रिजाल, मञ्जुल शाक्य, सुमन जि.सी., राजेन्द्र ढकाल, संगिता शर्मा, शुसिला शर्मा पन्त र गंगा शर्मा चयन भएका छन ।

# बाढीपीडितलाई कृषकको सहयोग

गलकोटपत्र/हटिया

प्रतिभा कृषक समूह गलकोट नगरपालिका वडा नं. ११, रिघा अमर्छाले भोटेकोशीमा गएको बाढीबाट प्रभावित परिवारको राहत तथा पुन:स्थापनाका लागि आर्थिक सहयोग गरेको छ ।

गत भदौ १० गते भोटेकोशीमा गएको बाढीबाट प्रभावित बाढीपीडितलाई सहयोग गर्ने उद्देश्यले समूहले २१ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो । प्राकृतिक विपद्का कारण प्रभावित नागरिकलाई राहत पुऱ्याउन तथा पीडित परिवारको दु:खमा साथ दिन सहयोग गरिएको प्रतिभा कृषक समूहले जनाएको छ । विपद्को समयमा सामाजिक संघसंस्था तथा समुदायको तर्फबाट गरिने सहयोगले पीडित परिवारलाई राहत मिल्नुका साथै मानवीय एकताको भावना थप बलियो हुने समूहको विश्वास छ ।

प्रतिभा कृषक समूहकी अध्यक्ष झनमाया श्रीस र सचिव कुमारी श्रीसले बाढीपीडितको राहत तथा पुन:स्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले रकम प्रदान गरिएको जानकारी दिए । समूहले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विपद्मा परेका नागरिकलाई सहयोग गर्दै आएको र आगामी दिनमा पनि आवश्यकताअनुसार सामाजिक तथा मानवीय कार्यमा सक्रिय रहने जनाएको छ ।

## गलकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गल्कोट बागलुङ

**गौदी तथा दरमखोलामा माछा मार्न निषेध गरिएको अत्यन्त जरुरी सूचना**

यस गलकोट नगरपालिकमा बग्ने दरमखोला र गौदीखोलामा पाइने असला माछा नेपालमै प्रसिद्ध हुनुको साथै गलकोटको चिनारीको रुपमा रहेको कुरा सम्पूर्ण गलकोटबासी आमा, बुबा, दाजुभाइ तथा दिदी बहिनीहरुमा अवगत नै छ । विगतका वर्षहरुमा दरम र गौदीखोलामा माछा मार्न निषेध गरिएको सम्बन्धी सूचना प्रभावकारी रुपमा पालना गरी असला माछाको संरक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण नगरबासीहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछौ । त्यसैले यसको संरक्षण र दिगो उपयोगको व्यवस्था गर्न गलकोटबासीको साझा कर्तव्य भएकोले चालू आ.व. २०८३/०८४ मा पनि संरक्षणका लागि गलकोट नगरपालिकाको जलचर, संरक्षण सम्बन्धी नीति कार्यक्रम र बजेट कार्यान्वयनमा ल्याइएको कुरा सहर्ष जानकारी गराउँछौ । विषेश गरी शरद ऋतुमा असला माछाले फुल पार्ने अवधि भएकाले २०८३ असोज १ गतेदेखि मंसिर मसान्तसम्म गौदी तथा दरमखोलामा कसैले कुनै पनि तरिकाले माछा नमार्न गलकोटबासी र सबैमा यो सूचना जारी गरिएको छ । साथै तत्पश्चात जलचर उपभोग गर्न कार्तिक मसान्तसम्म इजाजत पत्र नवीकरण गर्नु हुन वा नयाँ इजाजत पत्र लिएर मात्र जलचर उपभोग गर्नु हुन अनुरोध छ । कसैले यो सूचनाको अटेर गरी माछा मारेमा गलकोट नगरपालिकाको जलचर एवं जैविक विविधता संरक्षण कार्यविधि २०८० को दफा १४ बमोजिम रु एक लाखसम्म जरिवाना हुन सक्ने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लाग अनुरोध छ ।

चिन्तामणी शर्मा
जलचर अनुसन्धान अधिकृत


## शान्तिपूर्ण समाज निर्माण गरौं ।

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई, संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यको लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित गलकोटपत्र साप्ताहिकका लागि : अध्यक्ष-विरेन्द्र श्रेष्ठ, सम्पादक- दिनेश पन्त, व्यवस्थापक- शर्मिला रोका मगर, कार्यकारी सम्पादक-वीरबहादुर चोखाल (९८५७६२५४४५)
कम्प्यूटर- सुमित कुँवर, ९८५७६२२३७२, कार्यालय : गलकोट नगरपालिका-३, हटिया, फोन नं.: ०६८-४१२०४२, ४१२०४३, ईमेल-galkotpatra@gmail.com, मुद्रण: नमुना अफसेट प्रेस, बागलुङ